प्रदेश सरकार
भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
गण्डकी प्रदेश,पोखरा

**दुध,माछा-मासु र अण्डाको लाभ लागत अध्ययन सम्बन्धि कार्यविधि र कार्यक्रमको सन्दर्भ शर्तहरु (Terms of Reference-TOR) :**

हाल गण्डकी प्रदेशमा गाई/भैंसीको गरी जम्मा २,७०,०२६ मे.ट. दुध उत्पादन भईरहेको छ । यसैगरि मासुको ४८१५० मे.ट, माछाको ४४७२ मे.ट र अण्डाको १३१३५९ हजार गोटा उत्पादन रहेकोछ । यस आधारमा हाल वार्षिक प्रती व्यक्ती दुध झण्डै १०६.०४ लिटर उपलब्ध हुने देखिन्छ भने कुल जनसङ्ख्याको हिसावले हालको उत्पादनबाट प्रती व्यक्ती प्रती बर्ष दुध उपलब्धता झण्डै १५ लिटरले यस प्रदेशमा बढी रहेकोछ । वार्षिक प्रती व्यक्ती मासुको १८.९१ के.जी, माछाको १.७७ के.जी र अण्डा ५१.५९ गोटा रहेकोछ । यसैगरि दुध, माछा-मासु र अण्डा उत्पादन व्यवसायबाट पनि खाद्य पोषण सुरक्षाको सुनिश्चितता र आर्थिक स्तर सुधारका गर्न आवश्यक देखिन्छ । ग्रामिण कुखुरापालन गरी मासु तथा अण्डा, बाख्रा पालन, माछा पालन तथा पाडा पालन गरि माछा-मासुको उत्पादन, उत्पादकत्व र खुद मुनाफा बढाउन समय सापेक्ष विभिन्न भौगोलिक क्षेत्र तथा जिल्ला अनुसार आर्थिक विश्लेषण गर्नु अत्यावश्यक छ। व्यवसायीक कृषकहरुले नियमित रुपमा आफ्नो व्यवसायलाई सही दिशामा गईरहेको छ वा छैन र कुन विधामा सुधार गर्नु पर्ने हो सो सो को मुल्याङ्कन गर्न आवश्यक देखिन्छ ।
यस पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गाई/भैंसी, माछा-मासु र अण्डा उत्पादनको लाभ लागतका आधारमा भावी कार्यक्रमहरु तर्जुमा गर्न र कार्यान्वयन गर्न मद्दत पुग्ने भएकोले यस कार्यालयको आ.व. २०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम वमोजिम दुध, माछा-मासु र अण्डाको लाभ लागत अध्ययन गर्ने कार्य गर्नेछ ।

**दुध उत्पादनको लाभ लागत अध्ययनको लागि**

- दुध उत्पादनको लाभ लागत अध्ययनको लागी व्यवसायिक फार्मको वर्गीकरण निम्न आधारमा गरिनेछ ।

क) ५ देखी १० सम्म उन्नत/क्रस माउ गाई वा भैंसी पालेका फार्महरु : साना फार्म

ख) ११ देखी ३० सम्म उन्नत/क्रस माउ गाई वा भैंसी पालेका फार्महरु : मझौला फार्म

ग) ३१ भन्दा बढी उन्नत/क्रस माउ गाई वा भैंसी पालेका फार्महरु : ठुला फार्म

घ) निम्न जिल्लाहरुमा सम्भाव्यताका आधारमा साना, मझौला र ठुला गाई र भैंसी फार्मका प्रत्येक वर्गमा कम्तिमा ३ वटा फार्मको लाभ लागत विश्लेषण गर्नु पर्ने छ ।२० नमुना (१० गाइ उन्नत,क्रस,। (१० भैंसी उन्नत,क्रस,। * ३ जिल्ला गरि जम्मा ६०

ङ) पशुपालक कृषकहरुका व्यक्तिगत दुधालु पशुहरु हरेक जिल्ला वाट १० नमुना (५गाइ उन्नत,क्रस,) (५भैंसी उन्नत,क्रस,। * ३ जिल्ला गरि जम्मा ३०

च) कूल जम्मा ९०

प्रदेश सरकार
भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
गण्डकी प्रदेश,पोखरा

माछा-मासुको लाभ लागत अध्ययनकालागि :

क.कुखुरापालन फार्मको बर्गीकरण निम्न आधारमा गरिनेछ :

२०१ देखि १००० सम्म साना फर्म
१००१ देखि १०००० सम्म मझौला फर्म
१०००१ देखि माथि ठूला फर्म

१) रैथाने कुखुरापालन गरेका बाट प्रत्येक जिल्ला १५ नमुना (३ फर्म साना,मझौला,ठुला×५ पन्छी) × ३ जिल्ला ४५

२) ब्रोइलर पालक कृषक बाट प्रत्येक जिल्ला १५ नमुना(३ फर्म साना,मझौला,ठुला ×५ पन्छी) × ३ जिल्ला ४५

ख.खसी/बोका

५० देखि १०० सम्म साना फर्म
१०१ देखि २५० सम्म मझौला फर्म
२५१ भन्दा माथि ठूला फर्म

स्थानीय जात ३ फर्म र क्रस ३ फर्म ×३ जिल्ला गरि जम्मा १८× ५ पशु प्रति फर्म गरि ९० पशु

ग.राँगा/पाडा ३ फर्म ×३ जिल्ला गरि जम्मा ९× ५ पशु प्रति फर्म गरि ४५ पशु

घ. माछा कार्प ५ नमुना×३ जिल्ला गरि जम्मा १५
ट्राउट माछा जम्मा ५नमुना× कास्की जिल्ला जम्मा ५

ङ.बंगुर

१५ देखि ४५ सम्म साना फर्म
४६ देखि ६० सम्म मझौला फर्म
६१ भन्दा माथि ठूला फर्म
१ जिल्ला व्या.फर्म २ × ५पशु प्रति फर्म जम्मा १० र २ स्थानीय फर्म ५ पशु प्रति फर्म जम्मा १० × ३ जिल्ला कुल ६० पशु

प्रदेश सरकार
भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
गण्डकी प्रदेश,पोखरा

अण्डाकोलागि

३ प्रकारका फर्म साना,मझौला,ठुला • ५ पन्छी • ३ जिल्ला ४५ फर्म

स्थलगत अध्ययन तथा विश्लेषण गर्दा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र र सम्वन्धित पालिकाको पशुसेवा शाखालाइ समन्वय गर्नुपर्नेछ ।

- निम्न बमोजिमको भौगोलिक क्षेत्र तथा जिल्ला स्तरमा अध्ययन कार्य संचालन गरिनेछ
  - कास्की
  - नवलपुर
  - बाग्लुङ
- अध्ययन गर्नु पुर्व आवेदकबाट अध्ययनको तरिका (Methodology) र आवश्यक प्रश्नावली/checklist हरु निर्देशनालयमा छलफल गरी अन्तिम रुप दिनुपर्ने छ ।
- अध्ययन पश्चात प्रतिवेदनको Draft तयार भई सकेपछी Validation workshop गरी अन्तिम प्रतिबेदन पुस्तकको रुपमा १० प्रति र soft copyपेश गर्नुपर्ने छ ।

आवेदक संस्थाको योग्यता

१. कम्तिमा १ वर्षको अनुभव भएको ।

२. कृषि/पशु विकास र व्यवस्थापन क्षेत्रमा कार्य अनुभव भएका कर्मचारीहरु रहेको ।

३. नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई नियम अनुसार कार्य गरेको ।

प्रस्ताव पेश गर्ने बिधि

- पशु विकास सम्वन्धि अनुसन्धानात्मक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ अनुसार छुट्टाछुट्टै सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।